# लुम्बिनी प्रदेश सरकार

## मिति २०८१/०९/१८ गतेको १५१औं सचिव बैठकका निर्णयहरु:

१. प्रदेश सरकारको निर्णयानुसार विस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि गठित समितिबाट माग भए बमोजिमको ढाँचामा समितिलाई विवरण उपलब्ध गराउने।

२. मानव अधिकार सम्बन्धी पाचौं राष्ट्रिय कार्ययोजना अनुरुप सम्बन्धित विषयक्षेत्रको कार्यान्वयन अवस्था प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने प्रयोजनार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराउने।

३. प्रदेश सरकारका नीति तथा कार्यक्रम र मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनको अवस्था मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

४. वार्षिक कार्यक्रमहरुको कार्यान्वयनको मासिक प्रगति विवरण हरेक महिनाको ७ (सात) गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका उजुरी/निर्देशनको कार्यान्वयन र पालना गर्ने गराउने।

६. सबै मन्त्रालय/निकायले चालु आ.व.को वार्षिक कार्यक्रमको अर्धवार्षिक समीक्षा तोकिएको समयभित्र सम्पन्न गर्ने।

७. मन्त्रालय/निकाय/सेवा प्रदान गर्ने सबै कार्यालयहरुले आफ्नो निकायसँग सम्बन्धित नागरिक वडापत्र सेवाग्राहीले QR Code मार्फत हेर्ने/पढ्न मिल्ने गरी वेभसाइटको अग्रभागमा राख्ने।

प्रमुख सचिव